राजस्व न्यायाधिकरण काठमाडौं

इजलास

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

फैसला

२०७५/७६ सालको निर्णय नं. ४

पुनरावेदन नं. : ०७४-RB-०१६४

भिखन सदैको नाती छेद्री सदैको छोरा जिल्ला सिराहा लहान न.पा. वडा नं. १५ घर भै हाल कारागार कार्यालय जगन्नाथ देवलमा बन्दि रहेको वर्ष २२ को इन्द्र सदै...१ } पुनरावेदक

**विरुद्ध**

राजु लामा सहितको उजुरी प्रतिवेदनले नेपाल सरकार..................................१ } प्रत्यर्थी

**<u>मुद्दा : सुन चोरी पैठारी</u>**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री धिर्जराज पोखरेल

विद्वान अधिवक्ता श्री दिनेश कुमार रोक्का

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार प्रशासक श्री श्याम प्रसाद भणडारी

शुरु निर्णय मिति : २०७५/०२/०४

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री श्याम प्रसाद भण्डारीले प्रतिवादी उपर सुन चोरी पैठारी गरेको ठहराई मिति २०७५।०२।०४ मा गर्नु भएको निर्णय

उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक प्रतिवादी इन्द्र सदैको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. मिति २०७५।१।४ गते दिउसो १५.३० बजेतिर प्रहरी निरिक्षक राजु लामाको टोलीले का.जि. काठमाडौं न.पा. वडा नं. ३२ कोटेश्वर चोकको सडक छेउमा चेकजाँचको क्रममा शंकास्पद अवस्थामा आइरहेको स.२.प. ४०२८ नं. को पल्सर मोटरसाइकल रोकी चालक रतन लाल श्रेष्ठको शरिर तलासी लिंदा सूनको चुरा थान ३ र मोटरसाइकल पछाडि सवार गरी आएकी लिला कुमारी श्रेष्ठको शरिर तलासी लिंदा सुनको चुरा थान–१ फेला परेकोमा सोही बखत रतन लाल श्रेष्ठलाई भेट्न आएको इन्द्र सदैको तलासी लिंदा सुनको चुरा थान–१ समेत जम्मा २५० ग्राम मूल्य रु. १२६४६२५।– को पाँच थान सुनको चुरा फेला परेकोले भन्सार घोषणा नगरी लुकाई छिपाई लिएर गएको कसुरमा भन्सार ऐन २०६४ को दफा ५७(१) बमोजिम कारवाही र सजायका साथै सोही ऐनको दफा ५७(२) बमोजिम चोरी कार्यमा प्रयोग भएको मोटरसाइकल जफत हुन पेश भएकोमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री श्याम प्रसाद भण्डारीबाट बरामद भएको सुन जफत हुने, निज प्रतिवादी इन्द्र सदैलाई बरामदी सुनको विगो रु. १२६४६२५।– जरिवाना र १५(पन्ध्र) दिन कैद हुने गरी मिति २०७५।२।४ मा निर्णय भएकोमा सो निर्णय उपर चित्त नबुझाई भन्सार ऐन २०६४ को दफा ६२(१) र राजस्व न्यायाधिकरण ऐन २०६१ को दफा ९(४) बमोजिम प्रतिवादी इन्द्र सदैको तर्फबाट प्रस्तु पुनरावेदन पत्र यस न्यायाधिकरण समक्ष पर्न आएको देखियो ।

२. पुनरावेदक प्रतिवादीका तर्फबाट प्रस्तुत पुनरावेदन पत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको देखिन आएको छ :-

क. भन्सार ऐन २०६४ को दफा ९(३) निश्चित बस्तुहरुमा भन्सार महसूल छुट दिन सक्ने प्रावधान अनुसार मिति २०७३।४।१ देखि लागू भएको निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनाको दफा १ (१) (घ) ले ५४ ग्राम सम्मको सुनको गहना पूर्णरुपमा

भन्सार छुटमा ल्याउने प्रावधान अनुसार सुन खरीद गरी ल्याएको व्यहोरा खरीद गरेको विजक बारे प्रमाणित भएको छ ।

ख. भन्सार ऐनको दफा १८(१) को प्रतिवन्धात्मक वाक्यांशले झिटी गुन्टा भारीमा रहेको बस्तु मध्ये भन्सार महसूल नलाग्ने मालबस्तुको प्रज्ञापन भर्नुपर्ने स्पष्ट व्यवस्था नगरेको हुँदा घोषणा गर्नु नपर्ने होइन तसर्थ, उक्त फैसलाको आधार ऐ. ऐनको दफा १८(१) को प्रतिबन्धात्मक वाक्यांश र दफा २(घ) प्रतिकूल निर्णय भएको ।

ग. तसर्थ, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको निर्णय वदर गरी न्याय इन्साफ पाउँ ।

<u>ठहर</u>

३. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री धिर्जराज पोखरेल र दिनेश कुमार रोक्का र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईको वहस सुनियो । वहसका क्रममा दुवै तर्फका विद्वान अधिवक्ता र शाखा अधिकृतबाट देहाय बमोजिमका वहस जिकिरहरु प्रस्तुत हुन आएको पाइन्छ :-

| **पुनरावेदक तर्फका विद्वान अधिवक्ताबाट प्रस्तुत वहस जिकिरहरु** | **प्रत्यर्थी तर्फका विद्वान शाखा अधिकृतबाट प्रस्तुत वहस जिकिरहरु** |
|---|---|
| – मेरो पक्षले ५० ग्राम सुनको चुरा कतारमा खरीद गरेको हो । निजले आफ्नै नामबाट खरिद गरेको छ । विजक पनि साथमै रहेको छ ।<br>– निज वैदेशिक रोजगारीमा कतारमा गएका हुन कतारबाट फर्कदा गहना किनेर ल्याएकोले निजी गुण्टा झिटी सम्बन्धी ऐन अनुसार भन्सार छुट हुनुपर्ने हो ।<br>– निकासी पैठारी ऐन २०१३ अर्न्तगत निज पुनरावेदकलाई सजाय गर्न मिल्दैन । | – निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनाको दफा ७ ले कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन पाइदैन ।<br>– यि प्रतिवादीहरूबाट जम्मा २५० ग्राम सनु बरामद भएको छ ।<br>– भन्सार विन्दुमा सामान घोषणा नगरी ल्याउने कार्य भन्सार छली वा चोरी पैठारी हो ।<br>– तसर्थ प्रतिवादीलाई कसूरदार ठहराई भएको शुरु निर्णय मिलेकै हुँदा सदर गरी पाउँ । |

| | |
|---|---|
| – तसर्थ प्रतिवादीलाई कसूरदार ठहराई भएको शुरु निर्णय नमिलेको हुँदा वदर गरी न्याय इन्साफ पाउँ । | |

४. विद्धान अधिवक्ताहरु तथा विद्धान शाखा अधिकृतले गर्नु भएको बहस जिकिर समेत सुनि शुरु त्रिभुवन विमानस्थल कार्यालयबाट भएको निर्णय तथा प्रतिवादी तर्फबाट पेश भएको पुनरावेदनपत्र सहितको मिसिल संलग्न कागजातहरु समेत अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दामा निम्न लिखित प्रश्नहरुमा केन्द्रित रही निर्णय दिनु पर्ने देखिन आयो :-

क. यि प्रतिवादीले कानून बमोजिम सुन पैठारी गरेको हुन वा होइनन ?

ख. वरामदित सुन पुरै चोरी पैठारी गरेको ठहऱ्याई प्रतिवादीलाई भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको निर्णय मिलेको छ, छैन ?

५. अव यी प्रतिवादीले कानून बमोजिम सुन पैठारी गरेका हुन होइनन **?** भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी इन्द्र सदै मिति २०७५।१।४ गते दिउसो १५.३० बजेको समयमा काठमाडौं न.पा. वडा नं. ३२ कोटेश्वर चोकको सडक छेउमा प्रहरीको चेक जाँचमा रहेको प्रतिवादी मध्येका रत्नलाल श्रेष्ठको शरिर तलासी लिंदा निजबाट सुनको चुरा थान ३ बरामद भएको र निज प्रतिवादी रत्न लाल श्रेष्ठलाई यि पुनरावेदक प्रतिवादीले भेट गर्दाका बखत खानतलासी लिंदा निजबाट सुनको चुरा थान–१ बरामद भएको मिति २०७५।१।४ गतेको बरामदी मुचुल्काबाट देखिन्छ । सोही बरामदी मुचुल्का अनुसार प्रतिवादीको साथबाट बरामद भएको सुन भन्सार चोरी पैठारी अन्तर्गतको हो या होइन ? भन्ने तर्फ हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरुले सो वरामदित सुन आफ्नो साथबाट वरामद भएको स्वीकार गरी कार्यालयमा बयान दिएको देखिन्छ । नेपालमा सुन चोरी पैठारीलाई नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।०७।१६ को सूचना अनुसार पूर्ण प्रतिवन्धको श्रेणीमा राखिएकोले निज प्रतिवादीले निजी गुण्टा, झिटी भारी आदेश सम्बन्धी सूचना, २०७३ को उल्लंघन गरी निजले ल्यएको उक्त सुन निजको साथबाट बरामद भएको हो । उक्त बरामदित सुन आफूबाट वरामद भएको होइन भनी यी प्रतिवादीले जिकिर लिएको देखिंदैन । यस अवस्थामा प्रतिवादीबाट वरामदित सुन विद्यमान कानूनी व्यवस्था विपरित ल्याएको पुष्टी हुन

आएको परिप्रेक्षमा विद्यमान निकासी पैठारी नियन्त्रण ऐन, २०१३ र भन्सार ऐन, २०६४ अनुसार उक्त सुन बरामद गरि महानगरीय प्रहरी प्रभाग, कोटेश्वरका प्र.नि. श्री राजु लामा सहितको उजुरी प्रतिवेदनबाट प्रस्तुत मुद्धाको कारवाही प्रारम्भ भएको पाइयो।

६. यसरी ५० ग्राम सुन चोरी पैठारी गरेको भनी पक्राउ परेका प्रतिवादी इन्द्र सदै ले सो सुन आफ्नो साथबाट बरामद भएको स्वीकार गरी कार्यालयमा दिएको बयान, बरामदी मुचुल्का र उजुरी प्रतिवेदन लगायत मिसिलसाथ संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट नेपाल राजपत्र, मिति २०६७।५।१७ खण्ड ६० अतिरिक्ताङ्क १५(ख) मा मिति २०६७।५।१८ देखि सुनको पैठारीमा पूर्ण बन्देज लगाएको, नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६७।८।१४ को निर्णयले तोकेको प्रक्रिया पूरा गरी पैठारी गर्न पाइने कानूनी व्यवस्था रहेको, व्यक्तिगत रुपमा पैठारी गर्न बन्देज रहेको उक्त सुनको हकमा भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७३ साल श्रावण १ गते देखि लागू हुने गरी प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा (१) को खण्ड (ञ) बमोजिम विदेशी यात्रुले आफ्ना साथमा पचासग्राम सुनको गहनासम्म र सय ग्रामसम्म चाँदीका गहना ल्याउँदा भन्सार महसूल पूर्ण छुटमा ल्याउन पाउने कानूनी व्यवस्था गरेको छ । सूचनाको दफा ७ ले कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकूल हुने गरी कुनै सामान ल्याएमा वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुने प्रावधान रहेको छ । भन्सार ऐन, २०६४ को दफा १८ को उपदफा (१) मा मालबस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने र सोही ऐनको दफा ३८ मा तलासी लिंदा भन्सार महसूल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालबस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालबस्तुको प्रज्ञापनपत्र र भन्सार महसूल लाग्ने मालबस्तु भए महसूल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ । आदेशानुसार त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा वरामदित सामान चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । साथै, उक्त ऐनको दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३

बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्तो मालबस्तु जफत गरी बिगो बमोजिमको जरिवाना र कैद गर्न सक्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाईन्छ । यसैगरी दफा ३८ अनुसार प्रतिवादीले भन्सारमा कही कतै घोषणा नगरी भन्सार तिरेको निस्सा पेश नगरी पक्राउ परेको र वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना बमोजिम पैठारीमा प्रतिबन्ध लागेको सुन लुकाई छिपाई भन्सार छली चोरी पैठारी गर्दा पक्राउ परेका प्रतिवादी इन्द्र सदै ले भन्सारमा घोषणा समेत नगराई लुकाई छिपाई ल्याएको कार्यलाई कानून अनुकूल भएको भनि मान्न मिलेन । तसर्थ, प्रचलित कानून तथा सूचनाका आधारमा नेपाल भित्र विदेशबाट तोकिएको प्रकृया पुर्‍याई पैठारी गर्न पाउने परिमाण बाहेक अन्य निषेधित परिमाणमा निज प्रतिवादी इन्द्र सदै ले ल्याएको उक्त सुन कानूनसम्मत तवरमा पैठारी भए गरेको देखिएन ।

७. यी प्रतिवादीले पक्राउ परे पछि कार्यालयमा बयान गर्दा आफ्नो साथबाट ५० ग्राम सुन बरामद भएको हो भनी स्वीकार गरेको आधारमा निजबाट नै उक्त सुन बरामद भएकोमा विवाद देखिन आएन । मिति २०७५।१०।०४ मा म JET AIRWAYS को उडान नं. 9W 0250 द्धारा मुम्बई हुँदै नेपाल आएको हुँ र मेरो आमाको मृत्यु भएकोले काज किरिया गर्न कतारमा काम छाडेर नपाल आएको हुँ । मेरो साथमा नेपाली पैसा नभएकोले मिति २०७५।०१।०४ मा रतनलाल भन्ने गाउँको दाईसँग घरसम्म जाने गाडी भाडा सापट माग्न उसको मोबाइल नं. ९८१५७२३१०९ मा फोन गरें । फोन अपरिचित मान्छेले उठाए जस्तो लागेको थियो। केही बेरमै प्रहरी आएर मलाई चेकजाँच गरें अनि १ थान सुनको चुरा जम्मा (५०) मबाट प्रहरीले बरामद गरेको हो नेपालमा यसरी सुन ल्याउन पाइदैन भन्ने कानूनी व्यवस्था बारेमा मलाई थाहा थिएन भन्ने व्यहोराको बयान गरेको देखिएता पनि कानूनको सर्वमान्य सिद्धान्त बमोजिम कानूनको अज्ञानताबाट नै यस्तो कसूर भएको हो भनी मानी निज प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिन मिल्ने देखिन आएन । प्रतिवादीले आफ्नो साथबाट बरामद गरेको एक थान (५० ग्राम) सुनको भन्सारमा अग्रिम घोषणा गरेको छैन भनी दिएको बयान व्यहोराबाट भन्सार छली चोरी पैठारी गरेको स्वीकार गरेकोले पनि प्रतिवादी इन्द्र सदैले ले अवैध रुपमा चोरी पैठारी गर्ने मनसायले नै सुन ल्याएको हो भन्ने तथ्यमा अन्यथा भयो भनी विचार गर्नुपर्ने अवस्था समेत देखिन आएन ।

८. अव अर्को प्रश्न बरामदीत पुरै सुन चोरी पैठारी गरेको ठहऱ्याई यी प्रतिवादीलाई भएको सजाय मिले नमिलेको के हो भन्ने तर्फ विचार गर्दा मिसिल संलग्न बरामदी मुचुल्का अनुरुप मोटरसाइकलमा सवार अन्य दुई जना सहित यी प्रतिवादीबाट सुन बरामद भएकोमा विवाद देखिन आएन । बरामदीत सुनका परिमाण हेर्दा ५ थान चुरा (२५० ग्राम) रहेको देखिन्छ । तर सोही बरामदी मुचुल्कामा यी प्रतिवादीका साथबाट १ थान चुरा बरामद भई निजले सो चुरा खरीद गरेको विल समेत साथै राखेको देखिन्छ । बरामदी मुचुल्कामा उल्लेखित व्यहोरा हेर्दा बरामद भएको स्थानमा मुचुल्कामा नाम खुलेका अन्य व्यक्तिलाई भेटन आएको भनी यी प्रतिवादीले तत नाम खुलाइ दिएको पाइन्छ । यी प्रतिवादीले त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत समक्ष गरेको बयानको सज ८ मा बरामदित ५० ग्राम सुन आफ्नो रहेको भनी उल्लेख गरेबाट बरामदी मुचुल्कामा उल्लेखित व्यहोरालाई समर्थन गरेको र उक्त व्यहोरालाई मिसिल संलग्न पेश गरिएका अन्य प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानबाट समेत पुष्टि भैरहेको पाइयो । उक्त व्यहोरालाई नै समर्थन हुने गरी यी प्रतिवादीले इजलास समक्ष बयान गरेको अवस्थामा अन्य प्रतिवादी समेतको संगसाथबाट भेटिएको भन्ने आधार लिई बरामदित सबै सुन मिलेमतोमा ल्याएको भन्ने अनुमान गर्न कानूनतः मिल्ने हुँदैन । बरामद भएको स्थानमा पछि आएर सामेल भएको अवस्थामा एक साथ बरामद भएको भन्ने बाहेक बरामद भएको सबै सुन पैठारी गर्न यी प्रतिवादीको समेत समान संलग्नता रहेको छ भन्ने पुष्टि गर्ने अन्य कुनै प्रमाण मिसिल संलग्न रहेको दावी अभियोग पक्षले लिएको देखिदैन । यस अवस्थामा निर्णयकर्ताको यान्त्रिक व्याख्या एवं अनुमानबाट मात्रै बरामदित सबै सुन पैठारी गर्ने अपराधिक कार्य (Cospus Delicit) गर्न यी प्रतिवादी समेतको संलग्नता रहेको छ भनी मान्न कानूनतः मनासिव हुने देखिएन ।

९. तसर्थ, विवेचित सिद्धान्त एवं कारण समेतको आधारमा खानतलासी मुचुल्काबाट इन्द्र सदैको साथबाट ५० ग्राम सुन वरामद भएको देखिंदा यी प्रतिवादीलाई अन्य प्रतिवादी समेतबाट वरामद भएको २५० ग्राम सुन वरामद भएको भन्ने आधार मानी सुनको विगो मोल रु. १२,६४,६२५।- कायम गरी सो वापतको जरिवाना र १५ दिन कैद समेत गर्ने गरी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।२।०४ मा भएको निर्णय त्रुटिपूर्ण देखिंदा केही उल्टी हुने भई यी प्रतिवादीलाई निजको साथबाट वरामद

भएको ५० ग्राम सुनको बिगो रु. २,५२,९२५।- जरिवाना भै उक्त सुन समेत जफत हुने ठहर्छ । अरु तपशिल बमोजिम गर्नु ।

**<u>तपशिल</u>**

माथी इन्साफ खण्डमा लेखिए बमोजिम शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७५।०२।०५ को निर्णयानुसार अन्य प्रतिवादीहरु समेत बाट वरामद भएको २५० ग्राम सुन जफत गरी बिगो रु. १२,६४,६२५।- जरिवाना र १५ दिन कैद गर्ने गरी भएको निर्णय उल्टी भई निज पुनरावेदक प्रतिवादी इन्द्र सदैबाट वरामद भएको ५० ग्राम सुनको बिगो रु. २,५२,९२५। मात्र जरिवाना हुने ठहरेकोले निज प्रतिवादीले जरिवाना वापतको रकम दाखिला नगरी थुनामा नै बसि पुनरावेदन गरेको देखिंदा निजले जरिवाना वापतको रकम रु. २,५२,९२५।- कानून बमोजिम दाखिला गरे थुनाबाट मुक्त गरि दिनु भनी शुरु मिसिल सम्बन्धित कार्यालयमा नियमानुसार पठाईदिनु-------------------------१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु------------------------२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु--------------------------------------------------------------------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु-------------------------------------------------------४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की (लेखा सदस्य)

जीवन कुमार घिमिरे (राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः —श्री सीता अधिकारी (शाखा अधिकृत)

टाइप गर्नेः प्रदिप तिवारी (कम्प्यूटर अपरेटर)

इति सम्वत् २०७५ साल भदौ महिना ३१ गते रोज १ शुभम् ..........................